## बागचौर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बागचौर, सल्यान

## बजेट वक्तव्य

## आर्थिक वर्ष २०८०।०८१

प्रस्तुतकर्ता

जनकराज गौतम (नगर प्रमुख)

**“सबल स्थानीय सरकार, समृद्द बागचौर नगर”**

मितिः- २०८०।०३।३०

बजेट वक्तव्य २०७९

## बागचौर नगरपालिकाको ११ औं नगरसभामा नगर प्रमुख श्री जनकराज गौतमज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०८०।०८१ को बजेट वक्तव्य:

मितिः- २०८०।०३।३०

**नगर सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू एवं कर्मचारी मित्रहरु,**

आज हामीहरु बागचौर नगरपालिकाको ११ औं नगरसभाको दोस्रो अधिवेशनमा उपस्थित भएका छौं।आजको यस गरिमामय सभामा उपस्थित सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।यस अवरसरमा नेपालको राजनीतिक परिवर्तनका क्रममा भएका सशस्त्र संघर्ष, जनआन्दोलन लगायत विभिन्न कालखण्डमा भएका ऐतिहासिक संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण आदरणीय ज्ञात अज्ञात महान् सहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु साथै घाइते अपाङ्ग तथा बेपत्ता योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र समताका लागि यस नगरसभाका पदाधिकारीहरुबाट प्राप्त अनुभव तथा ज्ञान हस्तान्तरणका लागि आभार व्यक्त गर्दछु।यस अधिवेशनलाई सफल बनाउन राय सुझाव सहित सहयोग गर्नु हुने जनप्रतिनिधि तथा कर्मचारीहरु सबै सरोकारवालाहरुमा हार्दिक धन्यवाद सहित आगामी दिनमा पूर्णरुपमा सहयोग निरन्तरताको अपेक्षा गर्दछु ।

साधनश्रोत सिमित छ।आवश्यकताहरु असिमित छन। स्रोत साधनमा हाम्रा सबै आवश्यकता, योजना तथा कार्यक्रम र माग पुरा गर्ने सकिने अवस्था देखिदैन।यस्तो विषम परिस्थितिमा पनि संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, संघीय आर्थिक नीति, प्रदेश सरकारको नीति, दिगो विकासका लक्ष्य तथा नगरवासीको माग र आवश्यकतामा आधारित विकास योजना, विषयगत क्षेत्र, विज्ञ तथा सरोकारवाला संस्थाहरुको सुझाव वर्तमान परिस्थितिको मुल्याङ्कन र उपलब्ध स्रोत साधनको आधारमा व्यवस्था संगसगै नागरिकहरुको अवस्था बदल्न यो बजेट तयार पारिएको छ ।

**नगर सभाका सदस्यज्यूहरु,**

**“सबल स्थानीय सरकार, समृद्द बागचौर नगर”** मुल नारा सहित यस बागचौर नगरपालिकाको पूर्वाधार विकास, आर्थिक वृद्दि, सामाजिक न्याय, सुशासनको प्रत्याभुति, विकासमा दिगोपना लगायतका क्षेत्रमा रहेको थुप्रै चुनौतिहरु सम्बोधन गर्ने क्रममा प्राप्त मार्गर्शिनहरुलाई संघीय र प्रदेश सरकारका कार्यक्रमसँग समन्वय गरी साझेदार संस्थाहरुसँगको सहकार्यलाई समेत अगाडी बढाउने गरी बजेट तयार गरेको छु ।

**सभाका सदस्यज्यूहरु,**

अब म चालु आ.व. को हाल सम्मको प्रगति विवरण पेश गर्दछु ।

चालु आ.व. २०७९।०८० को मिति २०८०।०३।२९ गते सम्मको बजेट तथा खर्चको यथार्थ विवरण यस प्रकार रहेको छ ।

| बजेट | | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ५४ करोड १९ लाख ४८ हजार | ४५ करोड ६७ लाख ४४ हजार | ८४.२८ |
| पुजिगत | ३२ करोड १३ लाख ८३ हजार | २२ करोड ३२ लाख ८० हजार | ६९.४७ |
| जम्मा | ८६ करोड ३३ लाख ३२ हजार | ६८ करोड २५ हजार | ७८.७६ |

| विवरण | २०७९।०८० को कुल अनुमानित आय | हालसम्मको यथार्थ आय | प्रगती (%) |
|---|---|---|---|
| आन्तरिक आय | १ करोड | ७५ लाख | ७५ |
| गत वर्षको अल्या | १६ करोड ९५ लाख ९५ हजार | १२ करोड ९२ लाख २७ हजार | ७६.१९ |
| राजश्व बाँडफाँड (संघ र प्रदेश) | ११ करोड ६२ लाख ६४ हजार | ६ करोड ५६ लाख ५९ हजार | ५६.४७ |
| समानिकरण (संघ र प्रदेश) | १४ करोड १५ लाख ९२ हजार | १३ करोड १९ लाख ६२ हजार | ९३.१९ |
| सशर्त अनुदान चालु (संघ र प्रदेश) | ३५ करोड ३९ लाख ६१ हजार | ३५ करोड १३ लाख ८९ हजार | ९९.२७ |
| सशर्त अनुदान पुजिगत (संघ र प्रदेश) | ३ करोड ८९ लाख १ हजार | ३ करोड ८९ लाख १ हजार | १०० |
| विशेष अनुदान चालु (संघ र प्रदेश) | १ करोड | १ करोड | १०० |
| विशेष अनुदान पुजिगत (संघ र पर्देश) | ९० लाख | ९० लाख | १०० |
| समपुरक अनुदान पुजिगत (संघ र प्रदेश) | १ करोड | १७ लाख ९६ हजार | १७.९६ |
| कुल जम्मा | ८६ करोड ३३ लाख ६२ हजार | ७४ करोड ६३ लाख ५३ हजार पाँच | ८६.४५ |

**सभाका सदस्यज्यूहरु,**

राजश्व परामर्श समितिको सिफारिस, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको सिफारिस र वजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसको आधारमा आगामी आर्थिक वर्ष २०८०।०८१ को लागि आय र व्ययको अनुमान प्रस्तुत गरेको छु ।

बजेट वक्तव्य २०७९

आ.व. २०८०।०८१ का लागि आय तर्फ निम्न अनुसार श्रोत अनुमान गरेको छु ।

| आय | बजेट | अक्षरुपी |
|---|---|---|
| वित्तिय समानीकरण अनुदान- संघ | १११८००००० | एघार करोड अठार लाख |
| वित्तिय समानीकरण अनुदान- प्रदेश | १३१९४००० | एक करोड एकत्तिस लाख चौरानब्बे हजार |
| सशर्त अनुदान चालु- संघ | २९२८००००० | उनान्तिस करोड अठ्ठाइस लाख |
| सशर्त पुजिगत- संघ | ४२०००००० | चार करोड बीस लाख |
| सशर्त चालु- प्रदेश | १४१४६००० | एक करोड एकचालिस लाख छयालिस हजार |
| सशर्त पुजिगत- प्रदेश | १८०००००० | एक करोड असी लाख |
| आन्तरिक आय | ३५९११००० | तीन करोड उनान्साठी लाख एघार हजार |
| आन्तरिक आय मौज्दात | ५५९२६५५८ | पाँच करोड उनान्साठी लाख छब्बीस हजार पाँच सय अन्ठाउन्न |
| राजश्व बाँडफाट संघ | ११०११३००० | एघार करोड एक लाख तेह्र हजार |
| राजश्व बाँडफाट प्रदेश | १०८८४४२ | दश लाख अठासी लाख चार सय बयालिस |
| विषेश अनुदान चालु संघ | ९०००००० | नब्बे लाख |
| समपुरक अनुदान संघ | ६०००००० | साठी लाख |
| मालपोत रजिष्ट्रेशन शुल्क | ३५००००० | पैतिस लाख |
| वन रोयल्टी | ३००००० | तीन लाख |
| **जम्मा** | **७१३७७९०००** | एकहत्तर करोड सैतिस लाख उनासी हजार |

**सभाका सदस्यज्यूहरु,**

अव म आर्थिक वर्ष २०८०।०८१ को कुल बजेट रु एकहत्तर करोड सैतिस लाख उनासी हजार मात्रको श्रोत अनुमानबाट चालू र पूजिगत क्षेत्रगत खर्चको विवरण प्रस्तुत गर्न चाहन्छु ।

आगामी आ.व. २०८०।०८१ मा चालू खर्च तर्फ रु ४९ करोड ३२ लाख ९६ हजार तथा पूजिगत खर्च तर्फ रु २२ करोड ४ लाख ८३ हजार विनियोजन गरेको छु ।

उल्लेखित पुंजीगत तथा चालु खर्चलाई स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जिन सहित) ले निर्दिष्ट गरे बमोजिम आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास,

वातावरण तथा विपत व्यवस्थापन तथा संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रगत रुपमा विनियोजन गर्न प्रस्ताव गरेको छु । बजेट आय-व्ययको विवरण अनुसूचीमा समावेश गरेको छु ।

अब म क्षेत्रगत रुपमा बजेट प्रस्तत गर्दछु ।

## पूर्वाधार विकास क्षेत्र

- विकासका लागि नभइ नहुने आधारभुत पूर्वाधार संरचणना मध्ये उच्च प्राथामिकतामा परेको ग्रामिण सडक सञ्जालमा यस नगरपालिका अन्तरगतका सबै वडा र टोल बस्तिहरु जोडीसकेको अवस्था छ। नगरपालिकाको सवै वडाहरुमा कच्ची सडक जोडिसकेकोले नयाँ ट्र्याक खोल्ने भन्दा खोलिएका सडक ट्र्याक स्तरोन्नती गरी बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन नगरपालिकाकाका आफ्नै मेसिनरी औजारहरु प्रयोगरी सडकहरुको स्तरउन्नती गरिनेछ।
- नगरपालिकाको प्रशासनिक भवनको तला थप गरि भवन पुर्ण रुपमा निर्माण गरिनेछ । जसको लागि रु १ करोड ५० लाख बिनियोजन गरेको छु ।
- सबै वडाहरुले आफ्नै भवनबाट सेवा प्रवाह गर्नका लागि आफ्नै भवन नभएका वडा नं. २, ५, ७, ९, १० मा ठेक्का प्रक्रिया मार्फत कार्य सञ्चालन भइरहेकोले उक्त वडाहरुका वडा कार्यालय भवन निर्माण गर्न रु. १ करोड ३५ लाख बजेट बिनियोजन गरेको छु । साथै वडा नं. १ र ३ को वडा कार्यालय भवन निर्माणका लागि ९० लाख बिनियोजन गरेको छु ।
- नगर भित्रका १२ वटै वडाहरुको टोलटोलमा विद्युत विस्तार गर्ने नीति अनुसार विद्युत विस्तार गरिने योजना लिएका छौ। जस अनुसार हरेक वडामा अधुरा आयोजनालाई प्राथामिकतामा राखि तार र पोलहरु उपलब्ध गराइनेछ ।

- एक घर एक धाराको नीति अनुरुप खानेपानी आयोजनाहरुको निर्माण तथा मर्मत सम्भारलाई पहिलो प्राथमिकतामा राखिनेछ । जसका लागि सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता (सुस्वा) परियोजना संगको सहलगानीका लागि रु.१ करोड ३० लाख बिनियोजन गरेको छु ।
- बागचौर नगरपालिका वडा नं. २ र ३ का नागरिकहरुलाई खानेपानीको पहुँचमा पुऱ्याउन निर्माणाधिन अग्ला टाकुरा खानेपानी आयोजनाको लागि रु.४३ लाख बजेट बिनियोजन गरेको छु ।बागचौर नगरपालिका वडा नं. २ र ७ मा खानेपानी आयोजना निर्माणका लागि समपुरक अनुदान अन्तर्गत रु.६० लाख विनियोजन गरेको छु ।
- बागचौर नगरपालिकाको आफ्नै स्वामित्वमा रहेको निर्माणाधिन बहुउद्देश्यिय सभाहलका लागि रु.४० लाख बिनियोजन गरेको छु ।
- सुत्केरी आमा तथा नवजात शिशुको सुरक्षा हाम्रो पहिलो प्राथमिकतामा रहदै आएको छ । जसका लागी स्वास्थ्य चौकी पेदिखोलामा बर्थिङ सेन्टर निर्माणका लागि रु.३२ लाख बिनियोजन गरेको छु ।

## सामाजिक विकास

- १० सैयाको आधारभुत अस्पताल निर्माणको कार्य यसै आ.व. देखि सुरवात गरिनेछ । जसको लागि डिपिआर निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।जसका लागि रु २० लाख बजेट बिनियोजन गरेको छु ।
- सामुदायिक विद्यालयमा कार्यरत प्रारम्भिक बाल विकास सहजकर्ता, विद्यालय कर्मचारीहरुलाई संघीय सरकारले निर्धारण गरे बमोजिम र नगर अनुदान तर्फ कार्यरत शिक्षकहरुको लागि एकमुष्ट **रु ३ करोड** विनियोजन गरेको छु ।

- विद्यालयहरुमा खेलकुद क्रियाकलापहरुलाई प्रोत्सहान गर्न वडा अध्यकप खेलकुद प्रतियोगिता, मेयरकप प्रतियोगिता, खेल सामाग्री खरिद लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- लैङ्गिक विभेदलाई न्यूनीकरण गर्न, बाल संरक्षण, किशोरी सशक्तीकरण, ज्येष्ठ नागरिक, एकल महिला, दलित, घाइते तथा फरक क्षमता भएका व्यक्ति तथा हिंसा पीडित महिलाहरूका लागि सशक्तीकरण र पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ। महिला लक्षित कार्यक्रमहरु, महिलाहरुको लागि प्रविधि तालिम, दलितहरुको लगि सिपमुलक तालिम, जेष्ठ नागरिकलाई सम्मान, शहिद परिवार सम्मान लगायतको कार्यक्रमहरु सञ्चालनको लगि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- बागचौर नगरपालिकाको समग्र शैक्षिक अवस्थालाई सुधार गर्न विशेष अनुदान अन्तर्गत रु ९० लाख बिनियोजन भएकोमा यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

## आर्थिक विकास

- आर्थिक विकासको मेरुदण्ड तथा जीवन निर्वाहको प्रमुख श्रोतका रुपमा रहेको कृषि र पशु क्षेत्रमा कृषकलाई सहयोग प्रदान गरि किसानहरुलाई प्रोत्सहित गर्दै कृषि क्षेत्रमा आत्म निर्भर बनाउने लक्ष्य लिएका छौं ।कृषकहरुलाई उन्नत विउ विजन तथा किटनाशक औषधी उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।
- पशु तर्फ आकस्मिक रोग नियन्त्रण, समुह तथा सहकारीलाई प्रजननयोग्य बोका रागा खरिद, हिउदे र बहुबर्षे घाँसको विउ, वेर्ना वितरण जस्ता कार्यक्रमहरुको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- व्यवस्थित तथा आत्मनिर्भर पशुपालनका लागि भकारो सुधार कार्यक्रम अन्तर्गत रु.७ लाख बजेट बिनियोजन गरेको छु ।

- पशुपंक्षीहरुमा लाग्ने रोग नियन्त्रणका लागि कृषकहरुलाई औषधी उपलब्ध गराउन रु.८ लाख बजेट विनियोजन गरेको छु
- आर्थिक विकासको एक महत्वपुर्ण क्षेत्रको रुपमा सहकारीलाई लिदै सहकारी व्यवस्थापन तथा नियमनका लागि रु.५ लाख बजेट विनियोजन गरेको छु ।

## शुसासन, सस्थागत विकास र मानव पुजी व्यवस्थापन

- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्दी गरि सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन क्षमता विकास कार्यक्रमका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- कार्यालयबाट हुने सेवा प्रवाहमा छिटो छरितो, चुस्त दरुस्त, पारदर्शी, मितव्ययी तथा परिणाममुखि बनाउन कार्यसम्पादनमा इ-शासनलाई प्राथामिकता दिने गरि आवश्यक बजेटको व्यवस्था गरेकोछु।
- न्यायिक समिति र मेलमिलाप कर्तालाई दक्ष र क्रियाशिल बनाउन तालिम तथा कानूनी परामर्शको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

- विभिन्न समयमा आइपर्ने विपद् तथा प्रकोपबाट नागरिकहरुलाई सुरक्षति गराउन विपद् व्यवस्थापन अन्तर्गत एकमुष्ट रु.८०लाख विनियोजन गरेको छु ।

## विविध

- बागचौर नगरपालिका १२ वटै वडाहरुको आर्थिक सामाजिक एवं पूर्वाधार विकासका लागी एकमुष्ट रु.३ करोड बजेट विनियोजन गरेको छु ।

- चालु आर्थिक वर्षमा काम सम्पन्न भई विविध कारणले भुक्तानी हुन नसकेका आयोजनाहरुको दायित्व भुक्तानीका लागी रु.१ करोड ९१ लाख बजेट विनियोजन गरेको छु ।
- महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको मर्यादित जीवनयापनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न आवश्य बजेट बिनियोजन गरेको छु ।
- अपाङ्गता भएका व्यक्तिहरुको सहजताका लागि सहायक सामाग्री वितरण गर्नको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

**नगरसभाका सदस्यज्यूहरु,**

अन्तमा माथि उल्लेखित वजेट र कार्यक्रमहरुको अतिरिक्त आन्तरिक आय, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र बाँडफाँड रकम, आन्तरिक ऋण समेतको विष्तृत विवरण यसै साथ संलग्न गरिएको छ । संलग्न आय, व्यय र योजनाको विवरणहरुलाई आर्थिक ऐन र विनियोजन विधेयकको अंगका रुपमा समावेश गरिएको छ ।

बागचौर नगरपालिकाको आर्थिक सामाजिक सांस्कृतिक लगाएत विविध क्षेत्रमा सहयोग गर्नुहुने संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार संघ संस्था, जनप्रतिनिधि, नागरिक समाज, राजनीतिक दल, निजी क्षेत्र, पत्रकार तथा आमसञ्चार क्षेत्र, सम्पूर्ण कर्मचारी तथा नगरवासी दाजुभाई, दिदीवहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा "सबल स्थानीय सरकार, समृद्द बागचौर नगर" भन्ने मुल अभियानमा यहाँहरु सवैको सहयोग र सहकार्यको अपेक्षा गर्दै आर्थिक बर्ष २०८०|०८१ को वजेट मन्तव्य यही अन्त्य गर्दछु ।

जनकराज गौतम

नगर प्रमुख

बागचौर नगरपालिका, सल्यान

# अनुसुची-१

| | | | | | |
|---|---|---|---|---|---|
| **वित्तिय हस्तान्तरण अनुदान तर्फ** | | | | | |
| **क्र.स.** | **शिर्षक** | **संघ** | **प्रदेश** | **कुल बजेट** | **विनयोजिय रकम रु हजारमा** |
| १ | समानीकरण अनुदान | १११८००००० | १३१९४००० | १२४९९४००० | १२४९९४ |
| ४ | सशर्त अनुदान (चालु) | २९२८००००० | १४१४६००० | ३०६९४६००० | ३०६९४६ |
| ३ | सशर्त अनुदान (पुँजिगत) | ४२०००००० | १८०००००० | ६००००००० | ६०००० |
| ५ | समपुरक अनुदान | ६०००००० | ० | ६०००००० | ६००० |
| ६ | विषेश अनुदान (चालु) | ९०००००० | ० | ९०००००० | ९००० |
| ७ | विषेश अनुदान (पुँजीगत) | ० | ० | ० | ० |
| **जम्मा** | | **४६१६००००००** | **४५३४००००** | **५०६९४००००** | **५०६९४०** |
| **राजश्व बाँडफाँट तर्फ** | | | | | |
| १ | राजश्व बाँडफाँड | ११०११३००० | १०८८४४२ | १११२०१४४२ | १११२०१.४४२ |
| २ | मालपोत रजिष्ट्रेशन शुल्क | ३५००००० | 0 | ३५००००० | ३५०० |
| ३ | वन रोयल्टी | ३००००० | 0 | ३००००० | ३०० |
| | | **११३९१३०००** | **१०८८४४२** | **११५००१४४२** | **११५००१.४४२** |
| **आन्तरिक श्रोत तर्फ** | | | | | |
| १ | आन्तरिक श्रोत | ३५९११००० | | ३५९११००० | ३५९११ |
| २ | गत वर्षको अ.ल्या. | ५५९२६५५८ | | ५५९२६५५८ | ५५९२६.५५८ |
| **जम्मा** | | **९१८३७५५८** | | **९१८३७५५८** | ९१८३७.५५८ |
| **कुल जम्मा** | | | | **७१३७७९०००** | **७१३७७९** |
| **व्यय तर्फ** | | | | | |
| **क्र.स.** | **शिर्षक** | | | **रकम** | **विनयोजिय रकम रु हजारमा** |
| १ | चालु खर्च | | | ४९३२९६००० | ४९३२९६ |
| २ | पुजिगत | | | २२०४८३००० | २२०४८३ |
| | **कुल जम्मा** | | | **७१३७७९०००** | **७१३७७९** |